apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: १९८ ● पृष्ठ: ४ ● १९ साउन २०८३ मंगलबार (04 August 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/



समाचार पृष्ठ २
**गृहमन्त्री सुधन गुरुङले मधेशमा बिताएका चार दिन**

# साम्प्रदायिक तनावले खरानी भयो व्यवसाय

## गोलबजारका तीनवटा पसलमा ३० करोडभन्दा बढीको क्षति, राहत र क्षतिपूर्तिको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १८ गते**



सुनसरीको देवानगञ्जमा दुई समुदायबीच भएको झडपको प्रभाव गोलबजारसम्म फैलिँदा भएको हिंसा, आगजनी र तोडफोडबाट ठूलो आर्थिक क्षति भएको छ। गोलबजारका तिन व्यवसायमा मात्रै घरबाहेक करिब ३० करोड रुपैयाँभन्दा बढीको क्षति भएको अनुमान गरिएको हो।

साउन १० गतेबाट सुनसरीमा सुरु भएको साम्प्रदायिक तनावको असर साउन १३ र १४ गते गोलबजारमा प्रदर्शनका क्रममा देखिएको थियो। प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर एकजनाको मृत्यु भयो भन्ने एकजना घाइते भएका थिए। औरही गाउँपालिका २ तुल्सीपुरका गणेश यादवको मृत्यु भएपछि स्थिति थप तनावग्रस्त बनेको थियो। त्यसपछि उग्र बनेको भीडले मुस्लिम समुदायका घर तथा व्यवसायमा आगजनी र तोडफोड गरेको थियो।

प्रत्यक्षदर्शीका अनुसार बिहीबार बिहान करिब दुउसो १ बजे गोलबजार नगरपालिका ११ का वडा अध्यक्ष सोहेव अनवरसहित करिब २० वटा मोटरसाइकलमा दुइदेखि तिनजना सबार भइ आएका व्यक्तिहरू गोलबजार प्रवेश गरेका थिए। ठुलो संख्यामा आएका केहीले धारिलो हाथ हतियार समेत बोकेको र अर्को पक्षलाइ गालीगलौज तथा ढुंगामुढा सुरु गरेपछि दुई पक्षबीच झडप भएको स्थानीयले दाबी गरेका छन्। स्थानियले गरेको दाबी र वडा अध्यक्ष अनवर सहित मोटरसाइकलमा गोलबजार तर्फ आइरहेको भिडियो समेत बहिरिएपछि वडा अध्यक्षको प्रत्यक्ष संलग्नता रहेको पुष्टि भएको देखिन्छ।

यता, वडा अध्यक्ष अनवरले भने, झगाउँका युवाहरु बजारतिर जानथालेपछि उनिहरुलाइ सम्झाउन र आन्दोलन अझ नभड्किन दिन आफु त्याहा गएको स्वीकार गरे। उनले भने, झमैले युवाहरूको आक्रोशलाइ सम्हाल्न आन्दोलनमा गएको हो। हिंसा भडकाउनेमा मेरो कुनै संलग्नता नरहेको उनको दाबी छ।

झडप चर्किएपछि प्रहरीले गोली चलाएको र त्यसक्रममा एक जनाको मृत्यु र एकजना घाइते भएपछि भीड नियन्त्रणबाहिर गएको थियो। त्यसपछि विभिन्न स्थानमा रहेका मुस्लिम समुदायका घर तथा पसलमा आगजनी र तोडफोड भएको स्थानीयको भनाइ छ।

प्रारम्भिक विवरणअनुसार गोलबजार ६ स्थित नेहाल हार्डवेयरमा सबैभन्दा

बाँकी पृष्ठ ३ ▶▶

# नहर सुधारका लागि सांसद यादव र वडाध्यक्ष कामतीको संयुक्त अनुगमन



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १८ गते**

सिरहाको विष्णुपुर गाउँपालिका-१ अन्तर्गत जमुवा उपशाखाको भलुवाही-सिरहा नहरमा देखिएका सिँचाइसम्बन्धी समस्या समाधानका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव, सिरहा नगरपालिका-११ का वडाध्यक्ष विनोद कुमार कामती तथा कृषक महासंघका प्रतिनिधिलगायतले संयुक्त रूपमा स्थलगत अनुगमन गरेका छन्।

अनुगमनका क्रममा नहरको वर्तमान अवस्था, सिँचाइ व्यवस्थापन तथा स्थानीय किसानले भोगिरहेका समस्याबारे स्थलगत अवलोकन गरिएको थियो। सरोकारवालाबीच नहरको स्तरोन्नति, नियमित

बाँकी पृष्ठ ४ ▶▶

# सव-डिभिजन वन कार्यालय बन्दीपुरका प्रमुख यादवविरूद्ध भ्रष्टाचार मुद्दा दायर




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १८ गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला सिरहाको सव-डिभिजन वन कार्यालय, बन्दीपुरका कार्यालय प्रमुख (अधिकृत आठौं) राम केवल राय यादवविरूद्ध सोमबार विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उद्योगका लागि ल्याइएको काठ सिलबन्दीअनुसार भए/नभएको रुजु गरी सम्बन्धित कागजात सहितको फाइल फिर्ता गर्ने क्रममा सेवाग्राहीलाई दुःख हैरानी दिई घुस मागेको भन्ने सूचना तथा उजुरीका आधारमा आयोगको कार्यालय, बर्दिवासबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट १२ हजार घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

अनुसन्धानबाट कार्यालय प्रमुख रायले काष्ठ उद्योगमा ल्याइएका काठ बोकेका ट्रकहरूको सिल खोलेको मुचुल्का गरिदिएबापत विभिन्न बहाना बनाई सेवाग्राहीलाई दुःख हैरानी दिँदै बार्गेनिङ गरी १२ हजार घुस लिएको पुष्टि भएको आयोगको दाबी छ।

आयोगले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर भएको ठहर गर्दै बिगो रु. १२ हजार कायम गरी सोही ऐनबमोजिम कैद तथा बिगो बराबर जरिवानाको सजाय मागदाबी सहित सोमबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको जनाएको छ।

**गोलबजार गोलीकाण्ड:**

# गणेश यादवको मृत्युबारे छानबिन गर्न पाँचसदस्यीय समिति गठन

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १८ गते**



सिरहाको गोलबजारमा केही दिनअघि भएको घटनाका क्रममा गोली लागेर ज्यान गुमाएका गणेश यादवको मृत्युबारे विस्तृत अनुसन्धान गर्न सरकारले छुट्टै छानबिन समिति गठन गरेको छ।

गृह मन्त्रालयले सहसचिव पुष्पराज शाहीको नेतृत्वमा पाँचसदस्यीय समिति गठन गरेको हो। समितिमा नेपाल प्रहरीका उपरीक्षक मोहनकुमार थापा, सशस्त्र प्रहरीका उपरीक्षक नरेश भण्डारी र नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाका प्रहरी नायब उपरीक्षक पवन ढुंगाना सदस्य रहेका छन्।

समितिलाई घटनाको वास्तविक अवस्था, मृत्युका कारण तथा त्यससँग सम्बन्धित सबै पक्षको अध्ययन गरी प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ।

सुनसरीको देवानगञ्जमा भएको घटनापछि तनाव फैलिएको क्रममा गत १४ साउनमा सिरहाको औरही

बाँकी पृष्ठ ४ ▶▶

# मधेश प्रदेशमा ६० प्रतिशत हातेपम्प सुके

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १८ गते**



राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले मधेश प्रदेशमा व्याप्त खानेपानीको अभाव र जलस्रोत व्यवस्थापनको समस्या समाधानका लागि दीर्घकालीन र दिगो योजना आवश्यक रहेको निष्कर्ष निकालेको छ।

सोमबार बसेको राष्ट्रिय सभाको बैठकमा समितिका सभापति कृष्णप्रसाद पौडेलले 'मधेश प्रदेशमा खानेपानी, सरसफाई तथा जलस्रोत व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३' पेस गर्दै उक्त सुझाव दिएका हुन्। प्रतिवेदनकाअनुसार मधेश प्रदेशमा भूमिगत जलस्तरमा भएको तीव्र गिरावटले गर्दा खानेपानी आपूर्ति र कृषि क्षेत्रमा गम्भीर संकट निम्तिएको छ।

जलवायु परिवर्तनका कारण वर्षाको

बाँकी पृष्ठ ३ ▶▶

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं।
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं।
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं।
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं।
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं।
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं।
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं।
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सीमा सुरक्षा र नागरिकको सहज आवागमन

नेपाल-भारत सम्बन्धलाई प्रायः बेटी-रोटीको सम्बन्ध भनेर व्याख्या गरिन्छ। खुला सीमाले दुई देशबीच सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक सम्बन्धलाई दशकौंदेखि बलियो बनाउँदै आएको छ। विशेषगरी मधेशका सीमावर्ती जिल्लाका नागरिकका लागि सीमापार आवतजावत दैनिक जीवनको अभिन्न हिस्सा बनेको छ। किनमेल, उपचार, शिक्षा, रोजगारीदेखि पारिवारिक सम्बन्धसम्मका कारण हजारौं नागरिक नियमित रूपमा सीमा वारपार गरिरहेका हुन्छन् । यस्तो अवस्थामा पछिल्लो समय भारतीय सीमा सुरक्षा बल -एसएसबी) ले सिरहासँग जोडिएको भारतको जयनगर नाकासहित विभिन्न क्षेत्रमा चेकजाँच कडा बनाउनु र भारत प्रवेश गर्ने प्रत्येक व्यक्तिको फोटोसहित विवरण संकलन गर्नुका साथै नागरिकता वा अन्य परिचयपत्र अनिवार्य रूपमा माग्न थालेपछि सीमावर्ती नागरिकले असहजता महसुस गर्न थालेका छन्। हरेक सार्वभौम राष्ट्रलाई आफ्नो सीमाको सुरक्षा गर्ने अधिकार छ। कुनैपनि देशले आफ्नो राष्ट्रिय सुरक्षा, अवैध घुसपैठ, तस्करी वा आपराधिक गतिविधि नियन्त्रणका लागि आवश्यक सुरक्षा व्यवस्था अपनाउनु स्वाभाविक हो। यदि कुनै सुरक्षा चुनौती देखिएको छ भने त्यसअनुसार निगरानी बढाउनु पनि अस्वाभाविक होइन। तर सुरक्षा व्यवस्थाको प्रभाव प्रत्यक्ष रूपमा निर्दोष सर्वसाधारणमाथि पर्नु हुँदैन। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको दैनिक जीवनलाई अनावश्यक रूपमा जटिल बनाउने अवस्था दीर्घकालीन रूपमा दुवै देशको सम्बन्धका लागि हितकर हुन सक्दैन ।

केही दिनअघि नेपालमा दुई समुदायबीच भएको झडपपछि मधेशका केही जिल्लामा तनावपूर्ण अवस्था सिर्जना भएको थियो । त्यसपछिको सुरक्षा संवेदनशीलतालाई आधार बनाएर भारतीय पक्षले सीमा क्षेत्रमा निगरानी बढाएको हुन सक्छ। तर कुनै एक घटनालाई आधार बनाएर सम्पूर्ण सीमावर्ती नागरिकलाई शंकाको दृष्टिले हेर्नु उपयुक्त मान्न सकिँदैन । अधिकांश नागरिक आफ्नो दैनिक आवश्यकता पूरा गर्न मात्र सीमा पार गर्ने गर्छन् । उनीहरूलाई अनावश्यक झन्झट, लामो चेकजाँच वा असहज व्यवहारको सामना गर्न बाध्य पार्नुले दुई देशबीचको परम्परागत विश्वासमा असर पार्न सक्छ। नेपाल-भारत खुला सीमाको विशेषता नै पारस्परिक विश्वास र सहकार्य हो। यही विश्वासका कारण दुवै देशका नागरिकले दशकौंदेखि सहज रूपमा आवतजावत गर्दै आएका छन् । समयअनुसार सुरक्षा व्यवस्थामा सुधार आवश्यक हुन सक्छ, परिचय खुल्ने कागजात माग्नु पनि प्रशासनिक प्रक्रियाको हिस्सा हुन सक्छ। तर त्यसको कार्यान्वयन नागरिकमैत्री, सम्मानजनक र व्यावहारिक हुनुपर्छ। सुरक्षा व्यवस्थाले नागरिकलाई सास्ती दिने होइन, सुरक्षित अनुभूति गराउने उद्देश्य पूरा गर्नुपर्छ।

यता नेपाल सरकारले पनि आफ्ना नागरिकको हित र सुविधाप्रति संवेदनशील बन्न आवश्यक छ। सीमावर्ती क्षेत्रमा देखिएका समस्याबारे भारतीय पक्षसँग नियमित संवाद गरी समाधान खोज्नु सरकारको दायित्व हो। स्थानीय प्रशासन, सुरक्षा निकाय तथा कूटनीतिक माध्यमबाट यस्ता विषयलाई समयमै उठाउन सके सीमामा देखिने अनावश्यक जटिलता कम गर्न सकिन्छ । खुला सीमाको व्यवस्थापनलाई थप व्यवस्थित बनाउने विषयमा दुवै देशले संयुक्त संयन्त्रमार्फत नियमित समीक्षा गर्नुपर्ने आवश्यकता पनि बढेको छ। नेपाल-भारत सम्बन्ध भनेको दुई सरकारबीचको सम्बन्ध मात्र होइन, यो लाखौं नागरिकको जीवनसँग गाँसिएको सम्बन्ध हो । त्यसैले सुरक्षा संवेदनशीलता र नागरिकको सहज आवागमनबीच उचित सन्तुलन कायम गर्नु दुवै देशको साझा जिम्मेवारी हो। सीमामा सुरक्षा मजबुत हुनु आवश्यक छ, तर त्यसका नाममा दैनिक जीवनयापन गर्ने सामान्य नागरिकले अनावश्यक दुःख पाउने अवस्था रहनु हुँदैन। विश्वास, संवाद र सहकार्यका माध्यमबाट मात्रै सीमामा देखिएका समस्या समाधान गर्न सकिन्छ। दुई देशबीचको ऐतिहासिक, सामाजिक र मानवीय सम्बन्धलाई यसले अझ सुदृढ बनाउनेछ। त्यही भएर संवाद र सहकार्य मार्फत अहिलेको समस्यालाई समाधान गर्नु आवश्यकता छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

# गृहमन्त्री सुधन गुरुङले मधेशमा बिताएका चार दिन

## तनावग्रस्त क्षेत्रमा गएर विभिन्न समूहसँग संवाद गरे, पीडित परिवारहरूलाई सहमतिमा ल्याए

**युनिक श्रेष्ठ**





सुनसरीको कप्तानगन्जबाट सुरू भएर मधेशका विभिन्न जिल्लामा फैलिएको साम्प्रदायिक तनाव नियन्त्रण बाहिर जान थालेपछि गत बिहीबार मधेश झरेका गृहमन्त्री सुधन गुरूङ आइतबार राति काठमाडौं फर्किएका छन्।

सुनसरी, सिरहा, धनुषा लगायतका प्रभावित क्षेत्रको सुरक्षा स्थिति क्रमशः सामान्य बन्दै गएपछि र ती क्षेत्रमा लगाइएका कर्फ्यू तथा निषेधाज्ञा हटेपछि उनी राजधानी फर्किएका हुन्।

चार दिनको मधेश बसाइ क्रममा गृहमन्त्री गुरूङले एकातिर अस्पतालमा उपचाररत घाइतेहरूसँग भेटघाट गरे भने अर्कातिर मृतकका शोकाकुल परिवारहरूसँग रातभरि आफै बसेर सहमति गराउने काम गरे। यति मात्र होइन, तनाव साम्य पार्न उनले विभिन्न धार्मिक समुदायका नागरिक, स्थानीय अगुवा र आन्दोलित पक्षसँग प्रत्यक्ष संवाद पनि गरे।

यो तनावको सुरूआत साउन १० गते साँझ सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा दुई धार्मिक समूहबीचको झडपबाट भएको थियो।

स्थिति भड्किएपछि नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको घटनास्थलमै मृत्यु भयो भने अन्य ९ जना घाइते भए।

कप्तानगन्जको उक्त घटनाले सल्काएको साम्प्रदायिक आगो सुनसरीका विभिन्न भाग हुँदै छिमेकी जिल्ला सिरहा र धनुषासम्म फैलियो। मोरङ र पर्सासहित मधेशका अन्य जिल्ला समेत उच्च सतर्कता अपनाउनुपर्ने संवेदनशील मोडमा पुगे।

सुरूआती चरणमा तनाव नियन्त्रण गर्न सरकार गम्भीर नदेखिएको र 'बल प्रयोग' बाटै स्थिति दबाउन खोजेको भन्दै चौतर्फी आलोचना भएको थियो।

सरकारको शैली 'गैरजिम्मेवारपूर्ण' भएको भन्दै जनआक्रोश बढेपछि प्रधानमन्त्री बालेन शाहको देशवासीका नाममा सम्बोधन र काठमाडौंबाट गृहमन्त्री गृहमन्त्री गुरूङको मधेश दौडधुप एकैपटक सुरू भएको हो।

काठमाडौंमा विकसित राजनीतिक दबाबबीच साउन ११ गते सोमबार गृह मन्त्रालयले सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । त्यसै साँझ ५ बजे डाकिएको केन्द्रीय सुरक्षा समिति बैठकमा सुरक्षा निकायका उच्च अधिकारीहरूले 'मधेशलाई शान्त पार्न बल प्रयोग मात्र पर्याप्त नहुने' सुझाव दिएका थिए।

'राजनीतिक सहकार्य र धार्मिक अगुवाहरूसँग छलफलको बाटो अपनाउनुपर्छ भन्ने हाम्रो राय थियो,' बैठकमा सहभागी एक अधिकारीले भने, 'बल प्रयोग कहिलेसम्म गर्ने ? बल प्रयोगबाट पनि स्थिति साम्य नभए के गर्ने ? यसको समाधान भनेकै राजनीतिक दल र धार्मिक संघ-संस्थाहरूसँग छलफल गर्ने हो भन्ने विषयमा बैठकमा कुरा उठेको थियो।'

त्यस दिन सुरक्षा अवस्था कसरी सामान्य बनाउने भनेर राति अबेरसम्म गृह मन्त्रालयमा छलफल चलेको सम्बद्ध अधिकारीहरू बताउँछन्।

सरकारको ढिलासुस्तीबीच बुधबार बिहान सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सर्वदलीय बैठक आह्वान गरे। त्यतिञ्जेल न प्रधानमन्त्री बालेन शाहले कुनै सार्वजनिक अभिव्यक्ति दिएका थिए, न गृहमन्त्री गुरूङले केही बोलेका थिए।

प्रधानमन्त्रीले डाक्नुपर्ने सर्वदलीय बैठक सत्तारूढ दलका सभापतिले बोलाउँदा र उक्त बैठकमा समेत प्रधानमन्त्री र गृहमन्त्री उपस्थित नहुँदा अन्य दलका प्रतिनिधिहरूले त्यसको आलोचना मात्र गरेनन्, 'अशान्ति मच्चिरहेका बेला प्रधानमन्त्री र गृहमन्त्री खोई ?' भन्दै प्रश्न नै उठाए।

धार्मिक द्वन्द्व फैलिने त्रास तीव्र बनिरहेका बेला गृहमन्त्री गुरूङले मंगलबार आफ्ना स्वकीय सचिव जेम्स कार्की र पूर्वाधार मन्त्री सुनिल लम्सालका स्वकीय सचिव पारस क्षेत्रीलाई सुनसरी पठाएका थिए । उनीहरूसँगै प्रहरी तथा सशस्त्र प्रहरीको ड्रोन टोली र इन्जिनियर दीपककुमार साह पनि संलग्न थिए।

तर गृहमन्त्री आफै जानुपर्ने संवेदनशील घडीमा स्वकीय सचिवहरूलाई खटाइएपछि सरकारको थप आलोचना भयो।

हामीले यसबारे पूर्वाधार मन्त्रीका स्वकीय सचिव पारस क्षेत्रीसँग कुरा गर्दा उनले भने, 'मन्त्रीज्यूले म आफै आउनुपर्छ कि भन्नुभएको थियो। तर हामीले पहिला त्यहाँको अवस्था बुझ्छौं अनि भन्छौं भनेका थियौं।'

'हामी अबेर राति विराटनगर हुँदै सुनसरी पुग्यौं र दीपककुमार साहजीकै घरमा बस्यौं,' उनले भने।

उनका अनुसार बुधबार सुनसरीमा स्वकीय सचिवहरू, सुरक्षा निकायका प्रदेश तथा जिल्ला प्रमुखहरू र देवानगन्ज गाउँपालिकाका अध्यक्षसहित स्थानीय अगुवाहरूको बैठक बस्यो। उक्त बैठकमा उपस्थित स्थानीय अगुवाहरूले पनि स्वकीय सचिवहरू होइन, स्वयं गृहमन्त्री गुरूङको भौतिक उपस्थितिको माग गरे।

'प्रदर्शन दिनप्रतिदिन चर्किँदै गएको र हामी बसेको बैठकमा समेत अब स्थिति नियन्त्रणमा लिन गृहमन्त्री आफै आउनुपर्छ भन्ने कुरा उठेपछि हामीले गृहमन्त्रीज्यूलाई रिपोर्ट गर्यौं,' क्षेत्रीले भने, 'परिस्थिति बिग्रनुअघि नै गृहमन्त्रीज्यू आफै आउन राम्रो हुन्छ भनेर हामीले भन्यौं।'

त्यसैबीच कप्तानगन्जको झडपमा घाइते भई अस्पतालमा उपचाररत जयप्रकाश मेहताको बिहीबार मृत्यु भयो।

उनको मृत्युको खबर सार्वजनिक भएपछि स्थिति झन् अशान्त बन्यो।

त्यसै क्रममा सार्वजनिक तथा निजी सम्पत्तिहरूमा आगजनी र तोडफोड सुरू भयो । सिरहाको गोलबजारमा प्रहरीको गोली लागेर स्थानीय युवा गणेश यादवको मृत्यु भएपछि त स्थिति झन् नियन्त्रण बाहिर जाला कि भन्ने खतरा पैदा भयो।

घटनाक्रम यसरी द्रुत गतिमा बिग्रिँदै गएपछि प्रधानमन्त्री शाहले बिहीबार अपराह्न गृहमन्त्री गुरूङलाई सिंहदरबार बोलाए।

उक्त बैठकमा स्वास्थ्यमन्त्री निशा मेहता, सांसदहरू बब्लु गुप्ता, खगेन्द्र कर्ण लगायत पनि थिए । त्यहाँ प्रधानमन्त्रीले गृहमन्त्री गुरूङलाई 'तपाईं अब आफै मधेश जानुस्' भनेपछि उनी र स्वास्थ्यमन्त्री मेहता त्यसै दिनको अन्तिम उडानबाट विराटनगर ओर्लिएको क्षेत्री बताउँछन्।

उनका अनुसार गृहमन्त्री विमास्थलबाट सोझै विराटनगरका विभिन्न अस्पताल पुगे, जहाँ सुनसरी घटनाका घाइतेहरू उपचाररत थिए।

त्यो रात अबेरसम्म घाइतेहरूसँग कुराकानी गरेपछि उनी राति नै सुनसरीको कप्तानगन्जस्थित मृतकहरूको घरतर्फ लागे।

कप्तानगन्जस्थित जयप्रकाश मेहताको घर पुग्दा रातको १ बजेको थियो।

गृहमन्त्रीको टोलीले सहमतिको खाका पहिले नै तयार पारिसकेको थियो, जसलाई लिएर गृहमन्त्री गुरूङले मृतकका परिवारसँग प्रत्यक्ष संवाद थाले।

'त्यहाँ स्थानीय जनप्रतिनिधि र नेताहरूको समेत उपस्थिति थियो। वातावरण तनावपूर्ण नै थियो,' क्षेत्रीले भने, 'गृहमन्त्रीज्यूले मृतकहरूको शालिक बनाइदिने र परिवारका एक सदस्यलाई रोजगारी दिने प्रस्ताव अघि सारेपछि अन्ततः सहमति जुट्यो र सिडिओले सहमतिको ड्राफ्ट तयार पार्नुभयो।'

पीडित परिवारसँग लगभग तीन घन्टा भएको वार्ता अवधिभर गृहमन्त्री गुरूङ पनि उपस्थित थिए। पीडित परिवारका सदस्यसँग संवाद गर्ने र सहमतिका लागि मनाउने काम गुरूङले नै गरेको क्षेत्री सम्झन्छन्।

कतिपय अवस्थामा दोहोरो वार्ता सहज बनाउन गृहमन्त्री टोलीसँगै गएका रास्वपाका स्थानीय सांसदहरूले भाषा उल्था गरेर सहयोग गरेका थिए।

यसरी बिहीबार राति १ बजेबाट सुरू भएको वार्ता पौने ४ बजेतिर सहमतिमा पुगेको क्षेत्रीले जानकारी दिए।

'शुक्रबार बिहान ३:४५ बजे जयप्रकाशको परिवारसँग औपचारिक सम्झौता भएको थियो,' उनले भने।

त्यसलगत्तै गृहमन्त्री गुरूङ कप्तानगन्जमा नजिकै रहेको अर्का मृतक ओमप्रकाश मेहताको घर पुगे।

क्षेत्रीका अनुसार त्यहाँ पुग्दा कागजी सम्झौता सरकारले पूरा गर्ला कि नगर्ला भन्नेमा मृतक परिवार सशंकित देखिन्थे । गृहमन्त्रीले उनीहरूलाई आश्वस्त पार्दै भने, 'म गृहमन्त्री हुँ। समस्या समाधान गर्न आफै आएको छु। तपाईंहरू मेरा मतदाता हो, म अहिले तपाईंहरूको अभिभावक हुँ।'

गृहमन्त्रीको यस्तो भनाइपछि शुक्रबार बिहान सवा ५ बजे ओमप्रकाश मेहताको परिवारसँग पनि सहमति भयो। यो सहमति हुँदा स्वास्थ्यमन्त्री मेहता पनि आफ्नो सानो बच्चा काखमा लिएर उपस्थित भएकी थिइन्।

दुवै सम्झौतामा मृतकहरूको

बाँकी पृष्ठ ४

## आजको राशिफल

**मेष :** आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**बृष :** रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । सोचेको समयमा काम नबन्न सक्छ।

**मिथुन :** शुभचिन्तकहरूले साथ-सहयोग प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**कर्कट :** प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**सिंह :** छोटो समयमा फाइदा लिन सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**कन्या :** हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ।

**तुला :** परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन्।

**वृश्चिक :** चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**धनु :** मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। रमाइलो जमघटको आनन्द प्राप्त हुने समय छ।

**मकर :** टाढाका साथीभाइले काममा साथ दिनेछन्। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ।

**कुम्भ :** आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ।

**मीन :** समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ। सानातिना काममै अल्झनुपर्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# बिजुलीको भ्याट छुट सीमा १५० युनिटसम्म पुऱ्याउने आन्तरिक तयारी, झण्डै ४७ लाखले पाउनेछन् राहत

## सरकारलाई राजस्वमा कति असर ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १८ गते**

५० युनिटभन्दा माथिको बिजुली खपतमा ५ प्रतिशत भ्याट लगाउने निर्णयले सरकार आलोचित बनेपछि घरेलु विद्युत् उपभोक्तालाई भ्याट छुटको सीमा १५० युनिटसम्म पुऱ्याउने तयारी थालिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले भ्याट छुटको सीमा बढाउन आन्तरिक तयारी थालेको हो।

यसो भए घरेलु विद्युत् उपभोक्तालाई विद्यमान भ्याट छुट सीमा ५० युनिटबाट १०० वा १५० युनिटसम्म हुनेछ। यसका लागि नेपाल विद्युत् प्राधिकरणमार्फत सरकारलाई प्राप्त हुने भ्याट राजस्वमा पर्ने असरबारे लेखाजोखा तयार पारिएको छ।

प्राधिकरण स्रोतबाट प्राप्त तथ्यांकअनुसार हाल ५० युनिटसम्मका घरायसी ग्राहकलाई मात्र भ्याट नलाग्दा सरकारले वार्षिक १२ अर्ब ४२ करोड ६५ लाख रुपैयाँबराबर भ्याट संकलन गर्न सक्ने आकलन छ। अहिलेकै व्यवस्था कायम रहँदा सरकारले चालू वर्षमा झण्डै साढे १२ अर्ब रुपैयाँ बिजुलीमा ५ प्रतिशत भ्याट लगाएर संकलन गर्नेछ।

तर, बिजुलीमा भ्याट लगाउने निर्णयमाथि चौतर्फी विरोध भइरहेकाले हालको भ्याट नलाग्ने सीमालाई ५० युनिटबाट १०० युनिटसम्म पुऱ्याइयो भने सरकारले संकलन गर्ने भ्याट रकम ११ अर्ब ८१ करोड ५६ लाख रुपैयाँमा झर्नेछ। यसो हुँदा हालको स्ल्याबको तुलनामा सरकारको खातामा झण्डै ६१ करोड रुपैयाँ कम भ्याट



रकम जम्मा हुनेछ।

त्यसैगरी, अहिलेको भ्याट छुटको सीमा १५० युनिटसम्म पुऱ्याइएको खण्डमा सरकारले वार्षिक १० अर्ब २२ करोड ३९ लाख रुपैयाँ संकलन गर्नेछ। यो भनेको हालको ५० युनिटसम्म छुटबाट उठ्ने भ्याटको तुलनामा २ अर्ब २० करोड रुपैयाँ कम हुने स्रोतको विश्लेषण छ।

प्राप्त तथ्यांकअनुसार नेपालमा हाल घरेलु विद्युत् ग्राहक ५३ लाख ८ हजार ५६१ पुगेका छन्। चालू आर्थिक वर्ष २०८३/८४ को बजेटमा गरिएको व्यवस्थाअनुसार ५० युनिटसम्म भ्याट छुटको प्रावधानका कारण ३४ लाख ५४ हजार १०२ उपभोक्ता लाभान्वित छन् भने १८ लाख ५४ हजार ४५९ ग्राहक भ्याटको सीमामा पर्नेछन्। ३४ लाखभन्दा बढी ग्राहकले ९ करोड १३ लाख ८० हजार ५९५ युनिट बिजुली खपत गरिरहेका छन्।

यदि उपभोक्ताको आक्रोशलाई सम्बोधन गर्न सरकारले भ्याट छुटको सीमा ५० बाट १०० युनिटसम्म पुऱ्यायो भने भ्याटको राडारमा पर्ने उपभोक्ता ९ लाख ९२ हजार ७०८ मा झर्नेछन्। अर्थात् भ्याट तिर्नु नपर्ने ग्राहकको संख्या बढेर ४३ लाख १५ हजार ८५३ पुग्ने प्राधिकरण स्रोतले उपलब्ध गराएको विवरणमा देखिन्छ। यी ग्राहकले १२ करोड ४२ लाख ५१ हजार ४०७ युनिट विद्युत् खपत गर्ने देखिन्छ।

त्यस्तै, सरकारले मासिक बिजुली १५० युनिटसम्म बाल्दा भ्याट छुट दिने व्यवस्था कार्यान्वयन गर्दा ४६ लाख ९२ हजार २७९ उपभोक्ता भ्याटमुक्त हुनेछन्। त्यसपछि जम्मा ६ लाख १६ हजार २८२ उपभोक्ता मात्रै बिजुलीको भ्याट तिर्नुपर्ने ब्र्याकेटमा पर्नेछन्। ४६ लाख ग्राहकले १७ करोड ५ लाख ४० हजार ७८९ युनिट बिजुली खपत गर्ने तथ्यांकमा देखिन्छ।

प्राधिकरणले तयार गरेको यो हिसाबकिताब ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले अर्थ मन्त्रालयमा समेत पठाइसकेको छ। हालको प्रावधानलाई चलाएर बिजुलीमा भ्याट छुटको सीमा बढाए सरकारले संकलन गर्ने राजस्व घटेपनि ठूलो संख्यामा घरायसी विद्युत् उपभोक्ताले राहत पाउने देखिन्छ। प्राधिकरणको गणनाबमोजिम हालको ५० युनिटको छुट सीमालाई १५० युनिट पुऱ्याउँदा ५ प्रतिशत भ्याट तिर्नुपर्ने घरायसी उपभोक्ताको संख्या १८ लाख ५४ हजार ४५९ बाट घटेर ६ लाख १६ हजार २८२ मा सीमित हुने देखिन्छ। १८ लाख ५४ हजार ग्राहकले २६ करोड २८ लाख ६५ हजार ३१९ युनिट बिजुली खपत गर्ने तथ्यांकमा देखिएको छ।

यद्यपि, घरायसीबाहेकका विद्युत् ग्राहक (थ्री फेज, डिमान्ड र टाइम अफ डे (टीओडी)बाट संकलन हुने १३ प्रतिशत भ्याटलाई भने नचलाउनु नै उचित हुने विश्लेषण गरेको छ।

बाँकी पृष्ठ ४ ▸▸




# सात राजनीतिक दलले गरे 'अग्रगामी मोर्चा' घोषणा गर्ने निर्णय

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १८ गते**

सातवटा साना राजनीतिक दलहरूले अग्रगामी मोर्चा घोषणा गर्ने भएका छन्। सोमबार भएको छलफलपछि उनीहरू अग्रगामी मोर्चा घोषणाको तयारीमा जुटेका हुन्।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतका अनुसार, २३ साउनमा साना सात दलले मोर्चा घोषणा गर्ने जानकारी दिएका छन्। उनका अनुसार नयाँ बानेश्वरको थापागाउँस्थित काठमाडौं



बैंकेटमा मोर्चा घोषणा हुने तय भएको छ।

मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाललगायतका पार्टीहरू आबद्ध रहेका छन्।

सोमबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्मा, जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसहितका नेताहरू छलफलमा जुटेका थिए। ललितपुरमा भएको छलफलमा आम जनता पार्टीका अध्यक्ष प्रभु शाह, जसपा नेपालका नेता जितेन्द्र सोनल पनि सहभागी थिए।

## मधेश प्रदेशमा ६० प्रतिशत हातेपम्प ...............

ढाँचामा आएको परिवर्तन, चुरे भावर क्षेत्रको विनाश र अत्यधिक दोहनका कारण जल पुनर्भरण प्रक्रिया अवरुद्ध हुँदा भूमिगत जलस्तर औसतमा २ देखि ३ मिटरसम्म घटेको प्रतिवेदनमा उल्लेख छ।

**हाते पम्पहरू सुक्दा ६० प्रतिशत जनता प्रभावित**

अध्ययनले मधेश प्रदेशका आठवटै जिल्लामा भूमिगत जल सतह घटेको देखाएको छ। विशेषगरी पश्चिमी र मध्य भागका जिल्लाहरूमा जलस्तर ३ मिटरभन्दा बढीले तल झरेको छ। जसका कारण ६० प्रतिशतभन्दा बढी हाते पम्प, इनार र ट्युबवेलहरूबाट पानी आउन छाडेको छ।

धनुषाको हंसपुर जस्ता स्थानमा त ९० प्रतिशतसम्म हाते पम्पहरू सुकेको भयावह अवस्था प्रतिवेदनले औँल्याएको छ।

यस संकटले स्वास्थ्य संस्था, विद्यालय र स्थानीय जीविकोपार्जनमा समेत नकारात्मक असर पारेको सभापति पौडेलले जानकारी दिए। सन् २०२५ को खडेरीका कारण देशभरको भूमिगत जल भण्डारणमा करिव ३ हजार ६ सय ७५ मिलियन घनमिटर कमी आएको र यो केवल मौसमी परिवर्तन मात्र नभई प्राकृतिक पुनर्भरण र मानवीय दोहनबीचको असन्तुलनको परिणाम भएको प्रतिवेदनमा उल्लेख छ।

**चुरे संरक्षण नै दिगो समाधान**

प्रतिवेदनले मधेशको भूमिगत जल प्रणालीको मेरुदण्डका रूपमा रहेको चुरे भावर क्षेत्रको संरक्षणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ। वन विनाश, गिट्टी-बालुवाको अनियन्त्रित उत्खनन र भू-उपयोगमा आएको परिवर्तनले जलभृत पुनर्भरण प्रक्रिया उल्लेखनीय रूपमा घटेको जनाइएको छ।

समितिले अव्यवस्थित अनुगमन प्रणाली, स्थानीय तहमा बजेटको अभाव र निर्माणाधीन खानेपानी आयोजनाहरूको कमजोर गुणस्तरलाई पनि समस्याको कारक मानेको छ।

**सरकारलाई समितिको सुझाव**

समितिले सरकारलाई केवल आपत्कालीन राहतमा मात्र सिमित नभई जल सुरक्षाका लागि स्पष्ट नीति र योजना तर्जुमा गर्न सुझाव दिएको छ। प्रतिवेदनमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन सुरक्षाका क्रियाकलापहरू समावेश गरिएका छन्।

समितिले युनाइटेड नेसन्स अफिस फर प्रोजेक्ट सर्भिसेसको प्राविधिक सहयोग र विभिन्न सरोकारवाला निकायहरूसँगको छलफलका आधारमा यो प्रतिवेदन तयार पारेको हो।

मधेश प्रदेश सरकारले २०८२ असार २६ गते प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको र नेपाल सरकारले समेत सोही वर्षको साउनमा मधेशलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको सन्दर्भमा समितिले यो अध्ययन गरेको थियो।

सभापति पौडेलले प्रतिवेदन तयारीमा सहयोग पुऱ्याउने उपसमिति, प्राविधिक टोली र सरोकारवालाहरूलाई धन्यवाद दिँदै यसमाथि सदनमा गहन छलफल हुने र सरकारले कार्यान्वयनमा तदारुकता देखाउने विश्वास व्यक्त गर्नुभयो।

## साम्प्रदायिक तनावले खरानी भयो ...............

ठूलो क्षति भएको अनुमान गरिएको छ। स्थानीयका अनुसार घरबाहेक मात्रै करिब २३ करोड रुपैयाँभन्दा बढीको सामान जलेर नष्ट भएको छ। त्यस्तै, सिरहा सुपरमार्केट (एबी मल) मा करिब १ करोड रुपैयाँभन्दा बढीको क्षति भएको सञ्चालक मोहम्मद जफिरले बताएका छन्। उनले भने, झतल्लो तलामा रहेका अधिकांश सामान आगोले पूर्ण रूपमा नष्ट गरिदियो। वर्षौंको लगानी एकैछिनमा खरानी भयो।

यस्तै, गोलबजार नगरपालिका ८ चोहर्वा चोकस्थित न्यू असलम बस्त्रालयमा पनि घरबाहेक करिब ५ करोड रुपैयाँ बराबरको क्षति भएको सञ्चालक अस्लम खानले बताएका।

उनले, झकेही दिनअघि मात्रै दशैं, तिहार लक्षित करिब २ करोड रुपैयाँ बराबरको कपडा स्टक गरिएको थियो। चाडपर्वका लागि ल्याइएका सबै सामान जलेर नष्ट भए। दुई पुस्तादेखि यही व्यवसाय गर्दै आएका हामीलाई व्यवसाय मात्र होइन; बस्ने घरसमेत गुमाउनुपरेको प्रति दुःख व्यक्त गरे।

करिब ४५ वर्षदेखि चोहर्वा पुरानो चोकमा कपडा व्यवसाय गर्दै आएको परिवार अहिले पूर्ण रूपमा विस्थापित भएको उनले बताए। सरकारबाट न्याय, राहत र क्षतिपूर्तिको अपेक्षा रहेको उनको भनाइ छ।

असलमका बुवा आलमगिर खान भन्छन्, झआगलागीमा पसलभित्र रहेका सम्पूर्ण कपडा, अन्य सामग्री तथा करिब २ लाख रुपैयाँ नगद जलेर नष्ट भएको छ। आगलागीले तीनतले घरमा समेत क्षति पुगेको र पसलमा कार्यरत पाँच जना कर्मचारीको रोजगारीसमेत गुमेको उनले बताए।

खानले, झव्यवसाय विस्तारका लागि गोलबजार ११ बलकावास्थित जग्गा धितो राखेर एनआईसी एशिया बैंकबाट २ करोड ८ लाख रुपैयाँ कर्जा लिइएको थियो। आर्थिक समस्याका कारण समयमै कर्जा चुक्ता गर्न नसक्दा बैंकले धितो सम्पत्ति लिलाम गरिसकेको र अझै करिब २ करोड रुपैयाँ दाबी गरिरहेको उनले बताए। आर्थिक अभावकै कारण पसलको बीमा गर्न नसकिएको उनको भनाइ छ।

यता जिल्ला प्रशासन कार्यालय सिरहाले भने कर्फ्युका कारण हालसम्म क्षतिको पूर्ण विवरण संकलन हुन नसकेको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार आइतबार बेलुकि ७ बजेदेखि कर्फ्यु हटाइएको छ भने सोमबारबाट प्रहरी परिचालन गरी आगजनी तथा तोडफोडबाट भएको क्षतिको विस्तृत विवरण संकलन सुरु गरिनेछ। प्रशासनले वास्तविक क्षतिको सरकारी तथ्यांक आउन अझै केही समय लाग्ने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

**सिरहा बहिरा संघ सिरहा**
**सिरहा नगरपालिका-९, सिरहा**
**मधेश प्रदेश (नेपाल)**

**औषधि बोलपत्र सम्बन्धी सूचना ।**

सिरहा बहिरा संघ सिरहाद्धारा संचालित कान उपचार केन्द्रहरुको लागि आर्थिक वर्ष २०८३/०८४ को लागि आवश्यक विभिन्न प्रकारका कान संग सम्बन्धित प्रयोग हुने औषधिहरु खरिद गनुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संघको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**सिरहा बहिरा संघ सिरहा**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र


# ७२ जिल्लामा फैलियो डेंगु, संक्रमितको संख्या २ हजार नाघ्यो

अपन दैनिक संवाददाता
काठमाडौं, साउन १८ गते

नेपालमा डेंगु संक्रमणको जोखिम पुनः तीव्र रूपमा बढ्न थालेको छ । स्वास्थ्य सेवा विभाग, इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको पछिल्लो स्थिति प्रतिवेदन अनुसार २०८२ पुसदेखि २०८३ साउन १५ सम्म देशभरका ७२ जिल्लाबाट २,०२५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ भने २ जनाको मृत्यु भएको छ।

महाशाखाले पाक्षिक रूपमा संक्रमणको अवस्था विश्लेषण गर्दै आएकोमा मनसुन सक्रिय भएसँगै संक्रमण दरमा वृद्धि देखिएको छ। प्रदेशगत रूपमा कोशी प्रदेशमा सबैभन्दा बढी ५६८ जना (२८%) र गण्डकी प्रदेशमा ५३२ जना (२६.३%) संक्रमित भेटिएका छन्। जिल्लागत आधारमा झापा (२०४ जना), बागलुङ (१८० जना), सुनसरी (१६१ जना), पाल्पा (११६ जना) र कास्की (११० जना) सबैभन्दा बढी प्रभावित मुख्य पाँच जिल्लाका रूपमा रहेका छन्।

बर्षातको समय र बर्षा पश्चातको



अवधिमा लामखुट्टेको वंशवृद्धि तीव्र हुने भएकाले डेंगुको संक्रमण अझै बढ्ने जोखिमलाई मध्यनजर गर्दै सरकारले "श्रावण, भाद्र, आश्विनः डेंगु सचेतना तीन महिने अभियान" सञ्चालनमा ल्याएको छ।

महाशाखाले डेंगु धेरै प्रतिवेदन भएका जिल्ला तथा स्थानीय तहहरूमा अवस्थाको नियमित विश्लेषण गर्दै रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्राविधिक सुझाव र दिशानिर्देशन निरन्तर पठाइरहेको जनाएको छ। यो तीन महिने अभियानमार्फत डेंगु सार्ने 'एडिस एजिप्टी' जातको लामखुट्टेको वासस्थान तथा प्रजनन स्थलहरूको खोजी गरी नष्ट गर्ने न कार्यलाई तीव्र बनाउने र समुदायस्तरमा व्यापक जनचेतना फैलाउने लक्ष्य राखिएको छ।

डेंगु नियन्त्रणका लागि मुख्य गरी लामखुट्टेको वासस्थान र प्रजनन स्थलको निरन्तर निगरानी तथा व्यवस्थापन गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हो। घर, कार्यालय तथा सार्वजनिक स्थल वरपर पानी जम्न सक्ने पुराना टायर, ड्रम, गमला, बोतल तथा खुला भाँडाहरूमा पानी जम्न नदिन र नियमित सरसफाइ गर्न स्वास्थ्य अधिकारीहरूले आग्रह गरेका छन्।

यसका साथै, लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएका लुगा लगाउन, राति तथा दिउँसो सुत्दा झुलको प्रयोग गर्न, घरका झ्याल ढोकामा जाली लगाउन र टोकाइबाट बच्ने मलमको प्रयोग गर्न अनुरोध गरिएको छ। डेंगुका लक्षणहरू देखिनासाथ नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरी परामर्श लिन र उच्च सतर्कता अपनाउन महाशाखाले सबैमा अपिल गरेको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

# सुनसरी–सिरहा प्रदर्शनमा ज्यान गुमाएका तीन जनाको आत्माको शान्तिका लागि पशुपतिमा काँवरीयाहरूको श्रद्धाञ्जलीसभा



अपन दैनिक संवाददाता
सिरहा, साउन १८ गते

सुनसरी र सिरहामा भएका प्रदर्शनका क्रममा ज्यान गुमाएका गणेश यादव, ओमप्रकाश मेहता र जयप्रकाश मेहताको आत्माको शान्तिको कामना गर्दै पशुपतिनाथ मन्दिर परिसरमा काँवरीयाहरूले श्रद्धाञ्जली सभा आयोजना गरेका छन्।

सिरहाका काँवरीयाहरूले तीनै मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूको आत्माले चिरशान्ति प्राप्त गरोस् भनी प्रार्थना गरेका हुन्। साथै, देशमा शान्ति, सद्भाव, सामाजिक एकता र आपसी भाइचाराको वातावरण अझ सुदृढ बनोस् भन्दै भगवान पशुपतिनाथसँग विशेष प्रार्थना गरिएको जनाइएको छ।

श्रद्धाञ्जली सभामा सहभागी काँवरीयाहरु सिरहाको उत्तरवाहिनीबाट जल बोकेर करिब आठ दिनअघि पैदल यात्रामा निस्किएका थिए। पशुपतिनाथ मन्दिर पुगेपछि उनीहरूले विधिपूर्वक जल अर्पण गरेका थिए। जल चढाउने धार्मिक अनुष्ठान सम्पन्न गरेपछि उनीहरुले हालैका घटनामा ज्यान गुमाएका गणेश यादव, ओमप्रकाश मेहता र जयप्रकाश मेहताको स्मृतिमा मौनधारणसहित श्रद्धाञ्जली अर्पण गरेका थिए।

कार्यक्रममा सहभागीहरुले हिंसा र द्वन्द्वले कसैको हित नगर्ने उल्लेख गर्दै समाजमा शान्ति, सहिष्णुता र सद्भाव कायम राख्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गरेका थिए।

## बिजुलीको भ्याट छुट सीमा १५० युनिटसम्म पुऱ्याउने ............

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विद्युतीय पूर्वाधार विस्तारका लागि आवश्यक रकम जोहो गर्न बिजुलीमा भ्याट लगाउने घोषणा गरे पनि यसको चौतर्फी विरोध भएपछि त्यसलाई सम्बोधन गर्न ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले काउन्टर रणनीति अघि बढाएकेका छन्। श्रेष्ठले विद्युत् प्राधिकरणको सञ्चालक समिति बैठकमार्फत बिजुलीको महसुल घटाउन प्राधिकरण सञ्चालक समिति सदस्य अंशु किरण शाहीको संयोजकत्वमा विद्युत् महसुल पुनरवलोकन समिति गठन गराइसकेका छन्। अर्थ मन्त्रालयले आफ्नो हिसाबले बिजुलीमा भ्याट लगाउने नीति अघि बढाए पनि ऊर्जा मन्त्रालयले सेवाग्राहीलाई सेवा दिनुपर्छ भनेर सहुलियत दिने उद्देश्यले लामो छलफल गरेर प्राधिकरणमार्फत समिति गठन गर्ने निर्णय गरेको ऊर्जामन्त्री श्रेष्ठले बताएका थिए।

ऊर्जा मन्त्रालयले बर्खाको बेला बिजुली खेर गइरहने अवस्थामा महसुल सस्तो बनाउँदा घरायसीदेखि औद्योगिक क्षेत्रमा खपत बढाउने रणनीति एकातर्फ अंगीकार गर्न खोजिरहेको छ भने अर्कोतर्फ भ्याट छुट पाउने सीमा पनि बढाउन खोजिरहेको छ।

'एकातर्फ बिजुली खपत बढाउनुपर्नेछ। अझ बढी बिजुली खपत गर है भनेर प्रोत्साहन गर्नुपर्नेमा ५० युनिटसम्मका ग्राहकलाई भ्याट लगाउँदा असर पुग्ने आकलनसहित त्यसको सीमा बढाउनेदेखि महसुलमा सहुलियत दिने तयारी थालिएको छ। यसका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयसँग पनि आवश्यक समन्वय र छलफल अघि बढाइएको छ', ऊर्जा मन्त्रालयका एक कर्मचारीले अपन दैनिकसँग भने।

## गणेश यादवको मृत्युबारे छानबिन गर्न पाँचसदस्यीय ............

गाउँपालिका-२ निवासी गणेश यादवको गोली लागेर मृत्यु भएको थियो। उक्त घटनापछि निष्पक्ष छानबिनको माग उठ्दै आएको थियो।

सोही मागलाई सम्बोधन गर्दै सरकारले अलग्गै समिति गठन गरी घटनाको विस्तृत अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ। उक्त समितिलाई ७ दिनभित्र सुझावसहित प्रतिवेदन पेस गर्न भनिएको छ।




## गृहमन्त्री सुधन गुरुङले मधेशमा बिताएका ............

अन्तिम संस्कार शुक्रबार दिउँसो २ बजे गर्ने बुँदा उल्लेख गरिएको थियो।

कप्तानगन्जका दुवै पीडित परिवारसँग सहमति गरेपछि गृहमन्त्री गुरुङ त्यहाँबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर पुगे। उनले त्यहाँ डेढ-दुई घन्टा आराम गरेको क्षेत्री सम्झन्छन्।

त्यसपछि उनी मधेशको अर्को प्रभावित जिल्ला सिरहातर्फ लागे।

विराटनगरबाट सिरहा आउँदा दिउँसो करिब १ बजेको थियो। त्यहाँ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी अधिकारी र सुरक्षा निकायका प्रमुखहरूसँग भएको बैठकमा प्रदर्शन जारी नै रहेकाले गृहमन्त्रीलाई मृतक गणेश यादवको घर जान जोखिम हुन सक्ने बताइएको थियो।

'तर गृहमन्त्रीज्यूले 'म जान्छु मैले जानुपर्छ' भन्दै अडान लिनुभयो,' क्षेत्रीले भने।

उनका अनुसार सुरक्षा निकायको चेतावनीका बाबजुद गृहमन्त्रीको टोली औरही गाउँपालिका २ तुल्सीपुरस्थित गणेश यादवको घर पुग्यो।

यादवको शव धरानस्थित अस्पतालमा राखिएको थियो। उनको परिवारले सहमतिका लागि दुई अतिरिक्त सर्त राखे – वृद्ध आमाबुबाको निःशुल्क उपचार र गणेशले बनाइदिने बाचा गरेको सानो टहरा (घर) को निर्माण।

यो वार्ता राति अबेरसम्म चल्यो। वार्तामा बसेका सांसदहरु बब्लु गुप्ता, पुरुषोत्तम यादव र शिवशंकर यादवले घर निर्माणमा सहयोग गर्ने ग्यारेन्टी लिएपछि राति पौने २ बजे सहमति जुट्यो। यहाँ पनि गणेश यादवको परिवारलाई मनाउन गुरुङ आफै अघि सरेका थिए। दोहोरो वार्ता सहज बनाउन बब्लु, पुरुषोत्तम, शिवशंकर लगायतले भाषा उल्था गरेर सहयोग गरेका थिए।

सहमतिसँगै अन्त्येष्टिका लागि गणेश यादवको शव धरानबाट हेलिकप्टरमा ल्याउन गृहमन्त्री गुरुङले नै पहल गरेको क्षेत्रीले जानकारी दिए।

'घरमा अन्तिम संस्कार नगर्दासम्म चुल्हो नबाल्ने धार्मिक परम्परा रहेछ। धरानबाट सडक मार्ग हुँदै शव ल्याउन घन्टौं लाग्ने भएपछि गृहमन्त्रीज्यूले तत्काल पहल गरेर हेलिकप्टरमा गणेशको शव औरही गाउँपालिका २ तुल्सीपुर ल्याउने व्यवस्था मिलाइदिनुभयो,' उनले भने।

यसरी तीनवटै पीडित परिवारसँग सहमति जुटेपछि गृहमन्त्री गुरुङले 'स्थिति पूर्ण रूपमा नियन्त्रणमा नआएसम्म काठमाडौं फर्कन्न' भन्ने घोषणा गर्दै सरोकारवालाहरूसँग छलफल तीव्र बनाए।

शनिबार दिनभरि उनले आन्दोलित 'हिन्दु सम्राट' समूहका प्रतिनिधिहरूलाई भेटे। त्यस क्रममा उनीहरूले नेपाललाई हिन्दु राष्ट्र कायम गर्नुपर्ने लगायतका माग राखेका थिए।

क्षेत्रीका अनुसार गृहमन्त्री गुरुङले यस्ता मागमा अध्ययन गर्ने आश्वासन दिएका छन्।

आफ्नो मधेश बसाइको अन्तिम दिन आइतबार गृहमन्त्री गुरुङले जनकपुरधाम पुगेर जानकी मन्दिरको दर्शन गरे। सँगसँगै, स्थानीय मस्जिदमा गएर चादर चढाउनुका साथै मुस्लिम समुदायका अगुवाहरूसँग संवाद पनि गरे।

गृहमन्त्री गुरुङको प्रत्यक्ष संलग्नतामा लगातार भएका सम्झौता र संवादसँगै सुनसरी, सिरहा, धनुषा र पर्सामा लगाइएका कर्फ्यु तथा निषेधाज्ञाका आदेश हटाउन थालिएको थियो।

गृहमन्त्री आइतबार राति काठमाडौं फर्किंदासम्म यी जिल्ला सामान्य अवस्थामा फर्किदै छन्।

## नहर सुधारका लागि सांसद यादव र वडाध्यक्ष कामतीको .........

मर्मतसम्भार तथा आवश्यक पूर्वाधार विकासमार्फत सिँचाइ प्रणालीलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।

सांसद यादवले नहरको स्तरोन्नति र आवश्यक सुधारमार्फत यस क्षेत्रमा देखिएका सिँचाइसम्बन्धी समस्या शीघ्र समाधान गर्नुपर्ने आवश्यकता औंल्याए। किसानलाई सहज, भरपर्दो र प्रभावकारी सिँचाइ सुविधा उपलब्ध गराउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी पहल अघि बढाइने उनले बताए।

उनले कृषि उत्पादन वृद्धि र किसानको हितलाई प्राथमिकतामा राख्दै जनताका दैनन्दिन जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माणका कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

अनुगमनमा सहभागी स्थानीय किसानले नहरको क्षमता अभिवृद्धि, नियमित मर्मतसम्भार र प्रभावकारी सञ्चालन सुनिश्चित भए कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने विश्वास व्यक्त गर्दै सम्बन्धित निकायसँग शीघ्र कार्यान्वयनको माग गरेका छन्।

